# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०७।२८ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

---

महानगरीय प्रहरी बृत, बौद्ध, काठमाडौंका प्रहरी नायव उपरीक्षक श्यामकुमार राईले सेवाग्राहीसँग Sony कम्पनीको TV खरिद गरी ल्याईदिनु भनी जिन्सी सामानको रूपमा घुस/रिसवत माग गरेको र TV आफैले खरिद गरी ल्याउने र सो खरिद गरे बापतको बिलको भुक्तानी दिनको लागि सेवाग्राहीलाई पटक-पटक फोन गरी घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय टङ्गालबाट खटिइ गएको टोलीले निजलाई रु.१,४०,०००।- (एक लाख चालीस हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर गरेको देखिन आएकोले निजलाई बिगो रु.१,४०,०००।- (एक लाख चालीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (घ ) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता